# Somerville कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट
# बारम्बार सोधिने प्रश्नहरू

## कर्बसाइड खाद्यजन्य फोहोर पाइलट कार्यक्रम डिजाइन

### Somerville को कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि को-को योग्य हुन्छन्?
पाइलट कार्यक्रमले सुरुमा East Somerville को एक भागमा बसोबास गर्ने सीमित घरपरिवारका लागि नि:शुल्क कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन सेवा प्रदान गर्ने छ । योग्य घरपरिवारहरू:

- पाइलट कार्यक्रम सञ्चालन गरिने छिमेकभित्र बसिरहेको हुनुपर्छ
- 6 युनिट वा सोभन्दा कम भएका भवनमा बसिरहेको हुनुपर्छ
- कर्बसाइड कम्पोस्टिङ कार्यक्रममा सक्रिय रूपमा सामेल भएको हुनु हुँदैन

### Somerville ले कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रम किन सुरु गर्दै छ ?
यस पाइलट कार्यक्रमको उद्देश्य Somerville मा कम्पोस्टिङ विस्तार गर्न पहिले नै कम्पोस्टिङ नगरिरहेका बासिन्दाहरूसम्म पुग्ने तरिकाहरू अन्वेषण गर्नु हो । Somerville मा कम्पोस्टिङ विस्तार गर्नाले तत्काल टोलबासीलाई फाइदा पुग्ने छ र शहरलाई यसका दिगोपन लक्ष्यहरू हासिल गर्न मद्दत गर्ने छ ।

Somerville को शून्य फोहोर (Zero Waste) योजना र क्लाइमेट फर्वार्ड (Climate Forward) 2024 मा वर्णन गरिएअनुसार, शहरले 2030 सम्ममा शहरमा उत्पादन हुने फोहोरको मात्रा 30% र 2050 सम्ममा 90% घटाउने फोहोर डाइभर्सन लक्ष्य राखेको छ । Massachusetts मा, वनस्पति र जनावरको फोहोर र कुहिने कागजले नगरपालिकामा निस्कने ठोस फोहोरको लगभग 30% हिस्सा ओगटेको छ, त्यसैले नगरपालिकाको कम्पोस्टिङ कार्यक्रम शहरको फोहोर डाइभर्सन लक्ष्यतर्फको एक प्रमुख कदम हो । कम्पोस्टिङले शून्य फोहोर सिद्धान्तहरूलाई पनि प्रवर्द्धन गर्दछ, जसले उपभोक्ता उपभोगको बारेमा जागरूकता बढाउँछ र बासिन्दाहरूलाई उनीहरूको समुदाय र त्यसभन्दा बाहिर विस्तृत क्षेत्रमा फरक पार्ने जलवायु कार्यको संस्कृति विकास गर्ने अवसर प्रदान गर्दछ ।

शहरको उपभोगमा आधारित उत्सर्जन लगतसूची अनुसार, खाद्यजन्य फोहोरलगायत खाद्यान्न Somerville को सीमानाभित्र बासिन्दाहरूबाट उत्पन्न कार्बन उत्सर्जनको सबैभन्दा ठूलो एकल स्रोत हो, जसले यातायात र आवाससँग सम्बन्धित गतिविधिहरू जस्तै हिटिङ र आवासीय विद्युत खपतलाई पनि उछिनेको छ । खाना खेर नफाल्नु र घरपरिवारलाई चाहिने जतिमात्र खाद्य सामग्री खरिद गर्नु खाद्यान्न उत्सर्जनबाट बच्ने सबैभन्दा सजिलो र लागत-प्रभावी तरिकाहरूमध्ये एक हो ।

### पाइलट कार्यक्रम कहिले समाप्त हुन्छ ?
पाइलट कार्यक्रम 2027 को बीचमा समाप्त हुन्छ । बासिन्दाहरूले जति चाँडो साइन अप गर्दछन्, उनीहरूले कार्यक्रमबाट त्यति नै लामो समयसम्म लाभ उठाउन पाउने छन् ।

### Somerville शहरले प्रारम्भिक पाइलट कार्यक्रम क्षेत्रको बारेमा कसरी निर्णय गर्‍यो ?
Somerville शहरले खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि प्रारम्भिक पाइलट क्षेत्र छनोट गर्दा धेरै पक्षहरूको मूल्याङ्कन गर्‍यो । मुसाहरूका लागि उपलब्ध खाद्य स्रोतहरू न्यूनीकरण गर्न र शहरव्यापी खाद्यजन्य फोहोर सङ्कलन कार्यक्रमको सम्भाव्यताको बारेमा जानकारी सङ्कलन गर्नका लागि खाद्यजन्य फोहोर सङ्कलन कार्यक्रमको सम्भावनाको मूल्याङ्कन गर्न East Somerville लाई छनोट गरिएको थियो । Somerville शहरको 2023 को शून्य फोहोर कार्यक्रम योजनामा टोल-केन्द्रित कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमको योजनाको बारेमा चर्चा गरिएको छ (रणनीति 2.1 - जैविक विविधताका लागि शहरव्यापी अवसरहरूको विकास हेर्नुहोस्) ।

**म मल्टि-युनिट भवनमा बस्छु भने, प्रत्येक युनिटले छुट्टाछुट्टै साइन अप गर्नुपर्छ कि ?**
हो, तपाईंको भवनको प्रत्येक युनिटले छुट्टाछुट्टै साइन अप गर्नुपर्ने छ र हरेकले छुट्टाछुट्टै किचन काउन्टरटप र कर्बसाइड बिन प्राप्त गर्ने छन् ।

**भाडामा बस्नेहरूले पाइलट कार्यक्रममा साइन अप गर्न सक्छन् कि ?**
हो, भाडामा बस्नेहरूले पनि पाइलट कार्यक्रममा भाग लिन सक्छन् । पाइलट कार्यक्रमका लागि साइन अप गर्ने व्यक्ति दिइएको ठेगानामा आफैँ उपस्थित हुनुपर्ने छ किनभने निजले नै सेवाको बारेमा अद्यावधिक जानकारी र पाइलट कार्यक्रममा भाग लिने बारे अन्य महत्त्वपूर्ण जानकारी प्राप्त गर्ने छन् । पाइलट कार्यक्रममा भाग लिन रुचिको बारेमा भाडामा बस्ने र घरधनीहरूले एकअर्कासँग कुराकानी गर्न सिफारिस गरिन्छ ।

**बासिन्दाहरू पाइलट कार्यक्रममा सामेल भएनन् भने उनीहरूसँग कम्पोस्ट मल बनाउने के-के विकल्पहरू छन् ?**
Somerville समुदायका सदस्यहरूले शहरभरि मुसा-प्रतिरोधी कम्पोस्ट ड्रप-अफ बिनहरूका लागि नयाँ पाइलट कार्यक्रम कोषका लागि मतदान गरे । ड्रप-अफ बिन परियोजनाको विकास गरिँदै छ ।

पाइलट कार्यक्रमका लागि योग्य नहुने Somerville का कुनै पनि बासिन्दाले पनि सशुल्क कर्बसाइड कम्पोस्टिङ सेवाको सदस्यता लिन सक्ने छन् ।

पाइलट कार्यक्रमका लागि योग्य नहुने Somerville का कुनै पनि बासिन्दाले प्रति महिना $19 मानक दरमा साप्ताहिक सङ्कलनका लागि सिधै Garbage to Garden को सदस्यता लिन सक्छन् । यसमा सेवासहित साप्ताहिक रूपमा प्रदान गरिने ताजा कम्पोस्टेबल लाइनर र अनुरोध गरिएको खण्डमा, झोलामा तयारी कम्पोस्ट साप्ताहिक डेलिभरी (मौसमी रूपमा अप्रिलदेखि अक्टोबरसम्म उपलब्ध) समावेश हुन्छ । सशुल्क सेवा प्राप्त गर्ने बासिन्दाहरूले नि:शुल्क सेवा आर्जन गर्न स्वीकृत अवसरहरूमा स्वयंसेवा गर्न सक्ने छन् ।

## कम्पोस्टिङको बारे जानकारी

**कर्बसाइड कम्पोस्टिङ भनेको के हो ?**
कर्बसाइड कम्पोस्टिङ भनेको खेर जाने खाना घरमा कम्पोस्टिङ गर्नु वा सङ्कलन बिनमा खसाल्नुको सट्टा पिकअप सेवा मार्फत खेर जाने खाना र कुहिने सामग्रीहरू पुन: प्रयोग गर्ने तरिका हो । कम्पोस्टिङले हावाको गुणस्तर, सफा पानी र माटोका लागि धेरै फाइदा पुऱ्याउँछ । खेर जाने/फाल्ने खानामा बोटबिरुवाको वृद्धिका लागि आवश्यक पर्ने पोषक तत्वहरू सही अनुपातमा हुन्छन् । मासु, दुग्धजन्य पदार्थ र हड्डीलगायतका खाद्यजन्य फोहोरहरूलाई कुहाएर, तपाईंले पोषक तत्वहरू खेर फाल्नुको सट्टा माटोमा फिर्ता पठाउँदै हुनुहुन्छ !

**कम्पोस्टिङका लाभहरू के-के हुन् ?**
कम्पोस्टिङका धेरै फाइदाहरू छन् ! Garbage to Garden कर्बसाइड कम्पोस्टिङमा सहभागी हुनेहरू आफ्नो नयाँ कम्पोस्ट बिनले उनीहरूका घरपरिवारमा कति सकारात्मक प्रभाव पार्दछ भन्ने कुरामा नियमित रूपमा दङ्ग पर्दछन् । तपाईंले खाद्यजन्य फोहोर पिकअपभन्दा अरू धेरै कुरा पाउनुहुने छ !

**वित्तीय र सुविधाजनक लाभहरू:**
- फोहोरको मात्रा धेरै कम गर्छ
- फोहोरबाट आउने दुर्गन्ध हटाउँछ
- भान्सा अझ सफा राख्छ र फोहोर बोक्न सजिलो बनाउँछ
- सजिलो र बन्द हुने ढक्कनले गन्ध भित्रै राख्दछ र जीवाणुहरूलाई पस्न दिँदैन

**वातावरणीय तथा सामुदायिक लाभहरू:**

- स्कुल तथा सामुदायिक कार्यक्रमहरूलाई टेवा प्रदान गर्दछ
- तपाईंको छिमेकका अरूलाई कम्पोस्टिङ कति महत्त्वपूर्ण छ भनेर देखाउँछ
- ल्यान्डफिल र मिथेन उत्सर्जन न्यूनीकरण गर्दछ
- माटोको उर्वरता बढाउँछ
- कम्पोस्टमा उब्जाएको खानाको पोषण वृद्धि गर्दछ
- पानीका स्रोतहरू सफा राख्दछ र आँधीबेहरीबाट आउने भलबढीको बहाव कम गर्दछ
- हावाको गुणस्तर सुधार गर्दछ

## सहभागीहरूका लागि निर्देशनहरू

### Garbage to Garden सँग कम्पोस्टिङ कसरी हुन्छ ?

प्रत्येक हप्ता, Garbage to Garden ले तपाईंको खाद्यजन्य फोहोर सडक किनारबाट सङ्कलन गर्ने छ । बासिन्दाहरूले एउटा स्टार्टर किट प्राप्त गर्दछन्, जसमा 12 ग्यालनको रोलिङ/लकिङ कर्बसाइड बिन, किचन कन्टेनर, प्रमाणित कुहिने लाइनरको रोल र सेवा, सर्वोत्तम अभ्यासहरू, स्वीकृत वस्तुहरू र Garbage to Garden को सम्पर्क विवरण सहितको विस्तृत जानकारी दिने निर्देशन पुस्तिका समावेश हुने छ । बिन सफा राखिराख्न र गहन सरसफाइ कम गर्न बासिन्दाहरूलाई आफ्ना बिनहरूमा लाइनर (खैरो कागजको झोला वा प्रमाणित कुहिने लाइनर) राख्न सिफारिस गरिन्छ । लाइनरले Garbage to Garden स्थलगत सञ्चालकहरूले बिनका फोहोर पूर्ण रूपमा खाली गर्न सक्ने कुरा सुनिश्चित गर्न पनि मद्दत गर्दछन् ।

खेर जाने खाद्य सामग्री, हड्डी र मासु, सिसेल्स, कागजका सामानहरू र अन्य कुहाउन मिल्ने सामग्री फोहोरमा फ्याँक्नुको सट्टा, ती वस्तुहरूलाई तपाईंको Garbage to Garden बिनमा फाल्नुहोस् । प्रत्येक हप्ता, तपाईंले बिन सङ्कलनका लागि बिहान 6 बजेभित्र सडकको किनारामा राख्नुहुने छ । त्यसपछि Garbage to Garden ले खाद्यजन्य फोहोरहरू कम्पोस्ट मल बनाउन Massachusetts का स्थानीय फार्महरूमा लिएर आउँछ ।

### यसका लागि कति शुल्क तिर्नुपर्छ ?

East Somerville पाइलट क्षेत्रभित्रका योग्य बासिन्दाहरूले नि:शुल्क स्टार्टर किट (कर्बसाइड बिनसहित) र नि:शुल्क साप्ताहिक सङ्कलन सेवा प्राप्त गर्दछन् ।

पाइलट कार्यक्रमका लागि योग्य नहुने Somerville का कुनै पनि बासिन्दाले प्रति महिना $19 मानक दरमा साप्ताहिक सङ्कलनका लागि सिधै Garbage to Garden को सदस्यता लिन सक्छन् । यसमा सेवासहित साप्ताहिक रूपमा प्रदान गरिने ताजा कम्पोस्टेबल लाइनर र अनुरोध गरिएको खण्डमा, झोलामा तयारी कम्पोस्ट साप्ताहिक डेलिभरी (मौसमी रूपमा अप्रिलदेखि अक्टोबरसम्म उपलब्ध) समावेश हुन्छ । सशुल्क सेवा प्राप्त गर्ने बासिन्दाहरूले नि:शुल्क सेवा आर्जन गर्न स्वीकृत अवसरहरूमा स्वयंसेवा गर्न सक्ने छन् - यहाँ गएर मासिक न्युजलेटरका लागि साइन अप गर्नुहोस्: garbagetogarden.org/get-involved ।

### म आफ्नो बिनमा के-के राख्न सक्छु ?

स्वीकृत खाद्यजन्य फोहोर र कुहिने सामग्रीहरू

सबै खेर जाने खानाका टुक्राहरू! "यो बढ्छ भने, यसमा राख्दा हुन्छ !" यसमा निम्न कुराहरू पर्दछन्:

- तरकारी तथा फलफूल (अमिला फल, पिट, बोक्रा र बियाँलगायत)
- पाउरोटी, अनाज, पास्ता
- पाकेको खानेकुरा, नपाकेको खानेकुरा र सडेको खानेकुरा
- मासु र हड्डी
- समुद्री खानेकुराको खबटा, झिङ्गे माछा, माछा

- दुग्धजन्य पदार्थ, चिज, अण्डा
- कफीको फालिने धुलो, फिल्टर र टि ब्यागहरू
- न्यापकिन र खाना लागेका पेपर टावल
- कपाल र घरपालुवा जनावरको रौँ
- वाइनको कर्क (प्राकृतिक कर्क, प्लास्टिकको होइन) र दाँत कोट्याउने छेस्का
- टिपिएका/काटिएका फूलहरू
- प्रमाणित कुहिने सामग्रीहरू (BPI, CMA वा OK Compost प्रमाणीकरण खोज्नुहोस्)

अस्वीकार्य वस्तुहरू

- प्लास्टिक र स्टाइरोफोम
- प्लास्टिक वा फोइलले ढाकिएको कागज
- रसायन वा कीटनाशकहरू
- धातुहरू
- गिलास
- कुनै पनि अजैविक पदार्थ
- घरपालुवा जनावरको फोहोर र डायपर
- प्लास्टिक र्‍याप, टिन फोइल, मसलाका प्याकेटहरू
- ट्विस्ट टाई, स्टिकर, स्टेपल र रबर ब्यान्डहरू
- पिज्जा बाकसहरू - एकल-प्रकारको रिसाइक्लिङका लागि निलो बिनमा राख्नुहोस्

**के म आँगनको फोहोर बिनमा राख्न सक्छु ?**

कृपया आँगनको फोहोरलाई खाद्यजन्य फोहोरबाट अलग राख्नुहोस् । काटिएका/टिपिएका फूल र घरमा राखिएका सिसाकलमभन्दा झिना बोटबिरुवाहरू तपाईंको कर्बसाइड बिनमा कम्पोस्ट गर्न सकिन्छ ।

आँगनको फोहोर Somerville शहरको निर्देशनअनुसार व्यवस्थापन गर्नुपर्छ ।

**खाना पकाउने तेल कहाँ फाल्ने ?**

Garbage to Garden ले प्रयोग गरिएको खाना पकाउने तेल पनि सङ्कलन गर्ने छ । खाना पकाउने तेललाई आफ्नो कर्बसाइड बिनको छेउमा ढकनी कसिने कन्टेनरमा राख्नुहोस् । ढकनी भएको कुनै पनि कन्टेनर स्वीकार्य छ, तर फुट्ने सम्भावना न्यूनीकरण गर्न, प्लास्टिकको कन्टेनरलाई प्राथमिकता दिइन्छ ।

**मेरो बिन बिग्रिएमा के गर्ने ? मलाई अर्को बिन फेर्नुपर्ने भएमा के गर्ने ?**

नयाँ कर्बसाइड बिन अनुरोध गर्न, कृपया info@garbagetogarden.org मा इमेल गरेर वा (617) 977-4547 मा फोन गरेर Garbage to Garden लाई सम्पर्क गर्नुहोस् ।

**म अर्को ठाउँमा सर्दै छु भने म पाइलट कार्यक्रमबाट कसरी बाहिरिने ?**

यदि तपाईंलाई आफू नयाँ ठेगानामा पनि योग्य हुनुहुन्छ जस्तो लाग्छ भने, आफ्नो ठेगाना अद्यावधिक गर्न र सेवा परिवर्तनको तालिका बनाउन (हालको ठेगानामा अन्तिम पटक सङ्कलन/नयाँ ठेगानामा पहिलो पटक सङ्कलन) (617) 977-4547 मा फोन गरेर वा info@garbagetogarden.org मा इमेल गरेर Garbage to Garden लाई सम्पर्क गर्नुहोस् ।

तपाईंलाई आफू नयाँ ठेगानामा योग्य हुन्छु जस्तो लाग्दैन भने, कृपया तपाईंको अन्तिम पटक पिकअप गर्नुपर्ने मितिको बारेमा Garbage to Garden लाई सूचित गर्नुहोस् । यस कार्यक्रममा सामेल हुन पाउने सदस्य संख्या सीमित छ, त्यसैले

तपाईं यो सेवा प्रयोग गर्नुहुने छैन भने हामीलाई जानकारी गराउन आग्रह गर्दछौँ ताकि तपाईंको स्थानमा अरू कसैलाई सामेल गर्न सकियोस् ।

**Garbage to Garden ले मेरो खाद्यजन्य फोहोर उठाएपछि त्यसको "जीवन चक्र" के हुन्छ ?**
Garbage to Garden का लागि, सामुदायिक कम्पोस्टिङ भनेको स्थानीय रूपमा कम्पोस्टिङ गर्ने नै हो । यसको अर्थ, सहभागीहरू Maine वा Massachusetts मा भए पनि, उनीहरूको खाद्यजन्य फोहोरहरू घर नजिकै, स्थानीय फार्महरूमा कम्पोस्ट गरिने छ । Somerville मा सङ्कलन गरिने धेरैजसो सामग्रीहरू South Hamilton, MA मा अवस्थित Brick Ends Farm मा पठाउने योजना गरिएको छ ।

Garbage to Garden का साझेदार फार्महरूले थर्मोफिलिक कम्पोस्टिङ प्रक्रिया प्रयोग गर्दछन् , जसको अर्थ फोहोरको डङ्गुरलाई 140 देखि 160 डिग्री बीचको तापक्रममा राखिन्छ । यी उच्च तापक्रमयुक्त कम्पोस्टिङमा Garbage to Garden ले घरायसी कम्पोस्टका लागि सिफारिस नगरिने वस्तुहरू, जस्तै मासु, हड्डी, दुग्धजन्य पदार्थ, समुद्री खानेकुरा र अन्य कुराहरू स्वीकार गर्न सक्छ । लामो समयसम्म उच्च तापक्रम कायम राखिने भएकाले, यस प्रक्रियाले धेरैजसो रोगजनकहरू (रोग निम्त्याउने भाइरस र फङ्गस जस्ता तत्वहरू) मार्न सक्षम हुन्छ । यसको अर्थ के हो भने कम्पोस्टिङ प्रक्रियाले जैविक पदार्थहरूलाई छिट्टै कुहाउन र हानिकारक पदार्थहरू मार्न सक्षम हुन्छ, जसले गर्दा हामीले प्रयोग गर्न सकिने उपयोगी पदार्थहरू बाँकी रहन्छन् !

तयार पारिएको सबै कम्पोस्ट जैविक बगैँचा र बाली उत्पादनका लागि उपयुक्त हुन्छ र Garbage to Garden का साझेदार फार्महरूले स्थानीय खानेकुरा उब्जाउन प्रयोग गर्दछन् । कर्बसाइड कम्पोस्टिङमा पाइलट सहभागीहरूले प्रति झोला $6 मा तयारी कम्पोस्ट खरिद गर्न पनि सक्छन् (तल हेर्नुहोस्) ।

**के म तयारी कम्पोस्ट मल किन्न सक्छु ?**
हो ! घरपरिवारहरूले info@garbagetogarden.org मा इमेल गरेर वा (617) 977-4547 मा फोन गरेर प्रति झोला $6 (डेलिभरी सहित) मा Garbage to Garden मा जैविक कम्पोस्ट मलका झोलाहरू अर्डर गर्न सक्छन् । Garbage to Garden को मानक सदस्यता सेवाका सहभागीहरूका लागि, झोलामा राखिएको कम्पोस्ट मल निःशुल्क उपलब्ध हुन्छ ।

तपाईंको खाद्यजन्य फोहोर Massachusetts मा स्थानीय रूपमा कम्पोस्ट गरिने भए पनि Garbage to Garden ले सहभागीहरूलाई वितरण गर्ने झोलामा राखिने कम्पोस्ट मल भने Windham, Maine मा रहेको Garbage to Garden को फार्ममा प्रशोधन गरिन्छ, किनकि Garbage to Garden को ब्यागिङ उपकरण यहीँ जडान गरिएको छ । Garbage to Garden द्वारा Massachusetts र Maine दुवै क्षेत्रमा वितरण गरिने तयारी कम्पोस्ट मल MOFGA (Maine जैविक कृषक तथा गार्डेनर्स संघ) द्वारा जैविक बगैँचामा प्रयोगका लागि अनुमोदन गरिएको छ ।

**के यसको गन्ध आउने छ ?**
Garbage to Garden को कर्बसाइड 12 ग्यालन बिनको सुरक्षित ढङ्गले बन्द गर्न छिस्किन सहित कसिलो गरी बन्द हुने ढकनी हुन्छ, जसले गन्ध बाहिर आउन दिँदैन । बासिन्दाहरूलाई आफ्ना बिनहरूमा लाइनर (खैरो कागजको झोला वा कुहिने लाइनरहरू) राख्न सिफारिस गरिन्छ ताकि बिन हप्तैपिच्छे सफा राख्न सकियोस् । यी लाइनरहरूले सङ्कलन गरिने दिनमा खाद्यजन्य फोहोर सजिलै हटाउन, मर्मतसम्भारका लागि कन्टेनर सजिलै पुछन र बन्द गर्दा कुनै पनि तरल पदार्थ चुहिन नदिन मद्दत गर्दछन् ।

विशेष दुर्गन्ध आउने खाद्य वस्तुहरू (जस्तै मासुका टुक्रा, समुद्री खानाका खबटाहरू वा म्याद सकिएका दुग्धजन्य पदार्थहरू) को हकमा, सामान्यतया ती फोहोरहरूलाई तपाईंको फोहोर सङ्कलन गरिने दिनसम्म फ्रिजर वा फ्रिजभित्र सानो कन्टेनरमा भण्डारण गर्ने गरिन्छ । धेरै सहभागीहरूले दैनिक खाद्यजन्य फोहोरहरू सङ्कलन गर्न र भरिने बित्तिकै

कम्पोस्ट बिनमा खन्याउन सानो काउन्टर-टप बिनको प्रयोग गर्दछन् । यसले कुनै पनि गन्ध कम गर्न मद्दत गर्न तपाईंले कर्बसाइड बिन खोल्नुहुने संख्यालाई सीमित गर्दछ ।

## कम्पोस्टिङले मुसा वा कीराहरूलाई आकर्षित गर्छ कि ?

कम्पोस्ट बिनलाई राम्ररी मर्मतसम्भार गरिएको खण्डमा अवाञ्छित गन्ध जस्तै, अवाञ्छित कीराहरूले पनि समस्या नपार्नुपर्ने हो । बिन बन्द र सुरक्षित राख्नाले किचन कन्टेनर वरिपरि झिङ्गा वा किराहरू झुमिन नदिन मद्दत गर्ने छ । बिन बाहिर राखिएको छ भने, ढकनी बन्द गरेर छिस्किन लगाइएको कुरा सुनिश्चित गर्नाले मुसा र अन्य जीवजन्तुहरू पसेर दूषित गर्नबाट रोक्न सकिन्छ । मासु, दुग्धजन्य पदार्थ वा समुद्री खानेकुराका टुक्राहरूलाई फ्रिज/फ्रिजर विधि (माथिको उत्तरमा उल्लेख गरिएअनुसार) अपनाउनाले तपाईंको बिनमा कीराहरू आकर्षित गर्न नदिनका लागि अतिरिक्त सावधानी हुन सक्छ ।

## Garbage to Garden ले Somerville बाहिर कम्पोस्टिङ सेवाहरू प्रदान गर्दछ कि ?

Garbage to Garden ले Somerville, Melrose र Revere मा कर्बसाइड सदस्यता सेवाहरू सञ्चालन गर्नुको साथै Boston शहर र Medford शहरसँगको साझेदारीमा शहरको अनुदानमा कार्यक्रमहरू पनि सञ्चालन गर्दछ । Greater Boston क्षेत्रका व्यवसाय, विद्यालय, रेस्टुरेन्ट, अस्पताल र अन्य निकायका लागि व्यावसायिक सेवाहरू पनि उपलब्ध छन् ।

## के Garbage to Garden र यसका कम्पोस्टिङ साझेदारहरूले PFAS को परीक्षण गर्छन् ?

Garbage to Garden द्वारा Massachusetts र Maine दुवै क्षेत्रमा वितरण गरिने तयारी कम्पोस्ट मल MOFGA (Maine जैविक कृषक तथा गार्डेनर्स संघ) द्वारा जैविक बगैँचामा प्रयोगका लागि अनुमोदन गरिएको छ । Garbage to Garden को उद्देश्य प्रदूषणको निगरानी गरेर र आवश्यकताअनुसार स्वीकृत वस्तुहरूमा समायोजन गरेर PFAS को सम्भावना न्यूनीकरण गर्नु हो ।

## बाहिर चिसो हुँदा मेरो कर्बसाइड बिनमा खाद्यजन्य फोहोर जम्न नदिन म के गर्न सक्छु ?

खाद्यजन्य फोहोर प्रायः भिजेका हुन्छन् र जाडोमा तापक्रम न्यून हुँदा जम्न सक्छन् । आफ्नो खाद्यजन्य फोहोरलाई झोलामा राखेर र आफ्नो कर्बसाइड बिनमा लाइनर राखेर, तपाईंले आफ्नो बिनको पाङ्ग्रातिरको सतहमा खाद्यजन्य फोहोर जम्नबाट रोक्न सक्नुहुन्छ ।

## मैले अन्य प्रश्न सोध्नुपरेमा कसलाई सम्पर्क गर्नुपर्छ ?

Garbage to Garden ले यस कार्यक्रमका लागि ग्राहक सेवा प्रदान गर्दछ । थप प्रश्न वा जानकारीका लागि, कृपया info@garbagetogarden.org मा इमेल गरेर वा (617) 977-4547 मा फोन गरेर Garbage to Garden लाई सम्पर्क गर्नुहोस् । नियमित कार्यालय खुल्ने समय सोमबारदेखि शुक्रबारसम्म बिहान 8:30 बजेदेखि अपराह्न 4 बजेसम्म हो । यदि तपाईंलाई Garbage to Garden बाट प्राप्त ग्राहक सेवाको सहयोग अनुवाद गर्न वा बुझ्न सहयोग चाहिएमा, कृपया हामीलाई 311 (617-666-3311) मा कल गर्नुहोस् वा languageaccess@somervillema.gov मा सम्पर्क गर्नुहोस् । Somerville सहरले तपाईंलाई निःशुल्क दोभासे उपलब्ध गराउन सक्ने छ ।